# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर

च. नं. :- १६६/०८०/८१ (शै.प्र.शा.)

मिति : २०८०/०५/०५

## वन विज्ञान स्नातक (B.Sc. Forestry) तहको प्रवेश परीक्षाको Online आवेदन फाराम भर्ने सम्वन्धि सूचना

शैक्षिक सत्र २०८०–२०८४ का लागि यस संकाय र अन्तर्गतका प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कटारी-उदयपुर तथा सम्वन्धन प्राप्त निजी कलेज सिद्धान्त क्याम्पस, गैंडाकोट-नवलपरासीमा वन विज्ञान स्नातक (B.Sc. Forestry) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन माग गरिएको छ । उक्त तहको भर्ना सम्वन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले Online आवेदन फाराम साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र (Equivalence Certificate) पेश गर्नु पर्नेछ । विभिन्न कोटा अन्तर्गत आवेदन दिन चाहने आवेदकहरुले सम्वन्धित कोटाहरुको प्रमाणपत्र, वा सिफारिस पत्र र हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो १ (एक) प्रति Scanning गरी संलग्न गर्नु पर्नेछ । साथै आवेदकको हस्ताक्षरको नमुना समेत संलग्न गर्नु पर्नेछ ।

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** :SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण भई आई.एस्सी.(विज्ञान) वा १०+२ (विज्ञान) वा वन विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा सो सरह अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तिमा ५०% (पचास प्रतिशत) अङ्क वा प्रत्येक विषयमा कम्तिमा 'C' Grade का साथ कूल प्राप्ताङ्कमा 'C+' Grade प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । Theory र Practical दुवै भएको विषयको हकमा Theory र Practical मा अलग-अलग 'C' Grade भन्दा कम भएतापनि एकमुष्ठ विषय (Theory + Practical) को 'C' Grade कम्तिमा हुनुपर्नेछ ।

   **योग्यता नपुगी आवेदन फाराम भरेमा सो आवेदन फाराम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।**

२. **आवेदन फाराम र प्रवेश परीक्षाको शुल्क :** प्रवेश परीक्षा शुल्क रु.३,५००।- (तीन हजार पाँच सय रुपैंया) तोकिएको छ । सो रकम आवेदन फाराम भर्ने स्थानमा रहेको **E-Sewa, Khalti,** र **Connect IPS** बाट जम्मा गर्न सकिनेछ । साथै **Siddhartha Bank** को **Mobile Banking App** को **Payment Menu** बाट **AFU Entrance** मार्फत पनि जम्मा गर्न सकिनेछ । **रकम दाखिला गर्दा आवेदक स्वयम्‌को पुरा नाम र मोबाईल नम्बर अनिवार्य लेखिएको हुनु पर्नेछ ।** एकै मोबाईल नम्वरमा एक भन्दा बढि आवेदकको नाममा रकम जम्मा भएमा मान्य हुने छैन । अनलाइन माध्यमवाट रकम जम्मा गर्दा वन विज्ञान संकाय वाहेक अरु संकाय छनोट गरि रकम दाखिला गरे आवेदन दिन नमिल्ने साथै **सो रकम फिर्ता पनि नहुने हुँदा** संकाय निश्चित गरेर मात्र जम्मा गर्नु पर्नेछ ।

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर

च. नं. :- ९६६/०८०/०८१




३. **आवेदन फाराम भर्ने अवधि :** २०८० साल आश्विन १० गते बुधवार राती १२:०० बजेसम्म र दोब्बर दस्तुर तिरी २०८० साल आश्विन १५ गते सोमबार राती १२:०० बजेसम्म यस विश्वविद्यालयको वेभसाइट https://entrance.afu.edu.np बाट Online आवेदन फाराम भर्न सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको Online आवेदन उपर कुनै कारवाही गरिने छैन । **प्रवेशपत्र लिनको लागि आवेदक स्वयंले Online Portal बाटै Download गरि Print गर्नु पर्नेछ ।**

४. Online application बाहेक अन्य माध्यमबाट पठाएको आवेदन फाराम तथा अन्य कागजातहरु उपर कुनै कारवाही गरिने छैन । साथै कुनै कारणले कुनै कागजपत्र नपुगेमा बैङ्कमा जम्मा गरेको रकम फिर्ता हुनेछैन।

५. **प्रवेश परीक्षा सम्बन्धि अन्य जानकारी पछि प्रकाशन गरिनेछ ।**

६. **भर्नाको आधार :** प्रवेश परीक्षाको प्राप्ताङ्क १००% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी योग्यताक्रम (Merit List) अनुसार नै भर्नाको लागि नामावली प्रकाशन गरिनेछ। प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०% हुनेछ । अङ्क बराबर भएमा क्रमशः I.Sc./10+2 को कुल प्राप्ताङ्क (CGPA), र क्रमशः 12 कक्षाको प्राप्ताङ्क (GPA), 11 कक्षाको प्राप्ताङ्क (GPA), SEE/SLC मा प्राप्त अङ्कलाई आधार लिईनेछ ।

७. प्रमाणपत्र तहको पाठ्यक्रमबाट निम्न विषयहरुबाट कुल १२० वटा प्रश्नहरु समावेश गरी प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा अवधि ९० मिनेट हुनेछ ।

| | | | |
|---|---|---|---|
| (क) अंग्रेजी - २० | (ख) केमेष्ट्री - २० | (ग) फिजिक्स - १० | (घ) बोटानी - २० |
| (ङ) जुलोजी - २० | (च) गणित - १० | (छ) वन विज्ञान - १४ | (ज) सामान्य ज्ञान - ६ |

८. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेसी, शहिद परिवार, द्वन्द पीडित, स्टाफ, स्थानीय र पिछडिएका क्षेत्र (हुम्ला, जुम्ला, डोल्पा, कालिकोट, मुगु, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्ला) कोटाको विद्यार्थीहरुका लागि सिट छुट्याइएको छ । पिछडिएका क्षेत्रको कोटाको लागि उक्त जिल्लाका पूर्ण सरकारी अनुदानमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयबाट SLC/SEE उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना पाउन इच्छुक भएमा आवेदकले आफुले SLC/SEE उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सिफारिस पत्र online आवेदन दिंदा नै संलग्न गर्नुपर्नेछ । भर्ना हुन आउँदा उक्त सिफारिस पत्र सक्कलै पेश गर्नु पर्नेछ । अन्यथा त्यस्ता आवेदन फाराम उपर कुनै कार्वाही हुनेछैन । त्यस्ता विद्यार्थीहरुको संख्या अपुग भएमा पिछडिएका क्षेत्रको निजी विद्यालयबाट SLC/SEE उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई निर्धारित कोटामा भर्ना लिइनेछ । Online Application मा नै भर्ना हुन चाहेको कोटामा अनिवार्य रुपमा Click गरी सिफारिस पत्र Upload गर्नु पर्नेछ ।

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर

च. नं. :- ९९६।०८०।०८९



| क्र.सं. | कोटा | निकाय |
|---|---|---|
| (क) | दलित | राष्ट्रिय दलित आयोग/स्थानीय निकाय |
| (ख) | मधेशी | सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| (ग) | जनजाती | आदिवासी जनजाती राष्ट्रिय महासंघ/स्थानीय निकाय |
| (घ) | अपाङ्ग | बालबालिका, महिला तथा ज्येष्ठ नागरिक मन्त्रालय/स्थानीय निकाय |
| (ङ) | शहिद परिवार | नेपाल सरकारको सम्वन्धित मन्त्रालय/सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| (च) | द्वन्द पिडित परिवार | नेपाल सरकारको सम्वन्धित मन्त्रालय/सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय |
| (छ) | स्टाफ | सम्वन्धित शिक्षक/कर्मचारी र आवेदकको (श्रीमान/श्रीमति, छोरा, छोरी) नाता प्रमाणित हुने नागरिकता प्रमाणपत्र |
| (ज) | स्थानीय | वन विज्ञान संकाय र कलेज अवस्थित स्थानको स्थानीय निकाय ( उपमहानगरपालिका/नगरपालिका) बाट स्थायी रुपमा वसोबास गरेको सिफारिस पत्र |

उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा योग्यताक्रमको आधारमा भर्ना लिइने छ। भर्ना हुन आउँदा उक्त कोटाको लागि आवेदन साथ पेश गरेको आधार प्रमाणको सक्कल अनिवार्य पेश गर्नु पर्नेछ।

९. वि.एस्सी. फरेष्ट्री तहमा निम्नानुसारको विद्यार्थी भर्ना लिईनेछ। कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय बीच MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरि निरन्तरता दिईनेछ। कुनैपनि किसिमबाट भर्ना भएको विद्यार्थीले भर्ना रद्द गरेमा University Development Fund (UDF) कोटा सरह रुपान्तरण गरी योग्यताक्रमानुसार अर्को विद्यार्थी भर्ना गरिनेछ।

**भर्ना कोटा विवरण :**

| क्र. सं. | कोटा | सिट संख्या | | |
|---|---|---|---|---|
| | | हेटौडा, मकवानपुर | कटारी, उदयपुर (आङ्गिक कलेज) | सिद्धान्त क्याम्पस (सम्बन्धन प्राप्त) |
| (क) | मेरीट | ४१ | २१ | |
| (ख) | पिछडिएको क्षेत्रको सामुदायिक स्कूललाई (नभए वोर्डिङ स्कूल) | २ | १ | |

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
हेटौंडा, मकवानपुर

च. नं. :- १९६/०८०/०८१



| क्र. सं. | कोटा | सिट संख्या | | |
|---|---|---|---|---|
| | | हेटौडा, मकवानपुर | कटारी, उदयपुर (आङ्गिक कलेज) | सिद्धान्त क्याम्पस (सम्बन्धन प्राप्त) |
| (ग) | दलित | २ | १ | |
| (घ) | जनजाती | २ | १ | |
| (ङ) | मधेशी | २ | १ | |
| (च) | अपाङ्ग | १ | १ | |
| (छ) | शहिद परिवार | १ | १ | |
| (ज) | द्वन्द पिडित | १ | १ | |
| (झ) | छात्रा | २ | २ | |
| (ञ) | स्टाफ कोटा (सहुलियत) | २ | १ | |
| (ट) | स्टाफ कोटा (पूर्णशुल्कीय) | २ | १ | |
| (ठ) | स्थानीय कोटा (पूर्णशुल्कीय) (छात्र १+छात्रा १) | २ | २ | |
| (ड) | UDF | २२ | १८ | |
| | जम्मा | ८२ | ५२ | |
| (ढ) | नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट मनोनयन | ३ | २ | |
| | कूल जम्मा | ८५ | ५४ | ५० |

१०. आवेदन फाराम भर्दा निम्नलिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी Online application संगै बुझाउनु पर्नेछ ।

(क) आवेदन फाराम, हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति

(ख) नेपाली नागरिकताको प्रमाणपत्र

(ग) SEE/SLC वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र

(घ) प्रमाणपत्र तह/10+2 को लब्धाङ्क पत्र

(ङ) समानस्तर निर्धारणको प्रमाणपत्र

(च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र

# कृषि तथा वन विज्ञान विश्वविद्यालय
# वन विज्ञान संकाय
## डीनको कार्यालय
**हेटौंडा, मकवानपुर**

च. नं. :- ११६१०८०१०९



११. भर्ना हुँदा सम्पूर्ण प्रमाणपत्रहरुको (नेपाली नागरिकताको प्रमाणपत्र, SEE/SLC परीक्षाको मार्कसिट तथा चारित्रिक प्रमाणपत्र, प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट तथा चारित्रिक, प्रमाणपत्र तहको मुल प्रमाणपत्र वा Provisional Certificate, समानस्तर निर्धारणको प्रमाणपत्र र कोटाहरुमा नामावली प्रकाशित भएमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिस पत्र) सक्कलै प्रतिहरु अनिवार्य रुपमा बुझाउनु पर्नेछ । साथै उक्त प्रमाणपत्रहरु (नेपाली नागरिकताको प्रमाणपत्र बाहेक) यस संकाय र अन्तर्गतका कलेजहरुमा पहिलो सत्र (First Semester) अवधिभर राखिनेछ । उक्त अवधि भित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरी सो प्रमाणपत्रहरु लिन पाउने छैनन् । साथै माथि उल्लेखित कागजातपत्रहरु मध्ये कुनै नपुगेमा सो विद्यार्थीको भर्ना लिईनेछैन ।

१२. स्टाफ कोटा (पूर्णशुल्कीय), स्थानीय कोटा (पूर्णशुल्कीय), University Development Fund (UDF) कोटा र नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयबाट मनोनयन भई विभागीय कोटा अन्तर्गत भर्ना हुने विद्यार्थीहरुको लागि नियमित भर्ना शुल्क बाहेक रु.२,५०,०००।- (दुई लाख पचास हजार रुपैंया) कायम गरिएको छ । उक्त शुल्क मध्येको प्रथम किस्ता शुल्क रु.१,००,०००।- (एक लाख रुपैंया) बुझाई प्रथम सेमेष्टरमा भर्ना हुनु पर्नेछ । साथै दोस्रो किस्ता रु.१,००,०००।- (एक लाख रुपैंया) तेस्रो सेमेष्टर र तेस्रो किस्ता शुल्क रु.५०,०००।- (पचास हजार रुपैंया) पाँचौ सेमेष्टरको भर्ना समयमा बुझाई सक्नुपर्नेछ ।

१३. **शिक्षण शुल्क** : हाल भईरहेको शिक्षण शुल्कमा १०% (दश प्रतिशत) बृद्धि गरी विद्यार्थी भर्ना लिइनेछ ।

१४. मेरिटको आधारमा गरिने भर्ना Counselling पद्धति अपनाई गरिनेछ । प्रवेश परीक्षाको नतिजा प्रकाशित भएपछि Counselling को कार्य तालिका प्रकाशित गरिनेछ ।

१५. सम्वन्धन प्राप्त कलेजले वन विज्ञान संकायले प्रकाशित गरेको मेरिट लिष्टबाट मेरिटको आधारमा भर्ना गर्नु पर्नेछ ।

१६. भर्ना सम्वन्धि सम्पूर्ण अधिकार वन विज्ञान संकाय, डीनको कार्यालयमा निहित हुनेछ ।

१७. अन्य विश्वविद्यालय वा शिक्षण संस्थावाट प्रमाणपत्र हासिल गरेका विद्यार्थीहरुले कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा Migration Certificate नबुझाई A.F.U. Registration गर्न समस्या भएमा विश्वविद्यालयले सो को जिम्मेवारी लिने छैन ।

१८. भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको सुविधा उपलब्ध हुनेछैन ।

१९. अभिमुखीकरण कक्षा (Orientation Class) र कक्षा संचालन बारे विस्तृत जानकारी www.afu.edu.np बाट पछि प्राप्त गर्न सकिनेछ ।

२०. थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

( डा. गान्धिब काफ्ले )
डीन